हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट
LAHANPOST DAILY

लेख, रचना, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्।

**लहानपोस्ट दैनिकको कार्यालय**
लहान न.पा.-१०, ग्रामीण चौक
फोन नं.: ०३३-५६१९६७, ९८५२८२४९६७, ९८५२८२९३१५, ९८०२३१९१९२, ९८०२३१९१९३

बर्ष : ०१ अंक : ३६ पृष्ठ : ४ २०७७ भदौ ४ गते विहीबार (Thursday 20 August 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

## मृत्यु संस्कारको भोज र आरसिसि सडक विवादले निम्त्याएको हत्या





*मृतक सिता देवीका सोकाकुल छोरी आफन्तजन*

**लहान ।** सिरहाको अर्नमा गाउँपालिका-५ कृष्णपुर बेलदरही टोलका ५० वर्षीया सीतादेवी राउतको सामुहिक कुटपिटबाट मृत्यु भएको छ । उनीमाथि मंगलबार राती कुटपिट भएको थियो । त्यो घटना हुनुमा जातिय र विकास योजनाको विवाद कारक मानिएको छ ।

कुटपीटबाट टाउकोमा चोट लागेर सीतादेवी अचेत भई ढलेकी थिईन । गम्भिर घाइते भएकी ५० वर्षीया सीतादेवी राउतको उपचारको क्रममा सिरहा अस्पतालमा मृत्यु भएको प्रहरीले जनाएको छ । घटनामा कुटपिटबाट विन्देश्वरदेवी राउत, नागेन्द्रकुमार, पूजाकुमारीदेवी, रोहितकुमार राउत घाइते भएका छन् ।

स्थानीय सीताराम राउत, बुधेश्वर राउत, बालदेव साहलगायतले सीतादेवी राउतको घरमै पुगेर कुटपिट गरेको पीडित पक्षको आरोप छ । बेलदरही टोलका छ परिवारलाई मृत्यु संस्कार अन्तर्गत तीन दिनपछि हुन लागेको सभाभोजको निम्तो काटेको विषयमा भएको विवादमा कुटपीट भएको स्थानीयको भनाइ छ ।

घरका पुरूषहरु कोही नभएको समयमा घर घर पसेर कुटपिट गरिएको थियो । रातीको समयमा कुटपिट गर्न थालेपछि ज्यान जोगाउन घरभित्र लुक्न खोज्दाखोज्दै बरण्डामै रड प्रहार भएपछि राजदेव राउतकी श्रीमती सीतादेवी गम्भिर घाइते भएकी थिइन् । राउतको बुधबार अपरान्ह सिरहा अस्पतालमा पोष्टमार्टम गरी जातीय परम्परा अनुसार दाहसंस्कारका लागि परिवारजनको जिम्मा लगाइएको जिल्ला प्रहरी कार्यालय सिरहा प्रवक्ता डिएसपी विनोद घिमिरेले बताए ।

छिमेकी गाउँ औरहीको जमुवामा बेलदरहीका राजाराम राउतले आफ्नो ससुराको मृत्यु संस्कारको भोजमा निम्तो दिन्न भन्दै गालीगलौज गर्न थालेपछि विवाद भएको स्थानीय शोभादेवी राउतले सुनाइन् । घटनाका मुख्य योजनाकार राजारामले 'जातीय भोज काटें' भन्दै मंगलबार साँझदेखि नै गालीगलौज गर्न थालेपछि आफूहरूले सम्झाएको राउतले बताइन् ।

'महिला भएर ठूलो कुरा गर्ने भन्दै रड, भाटाले घर घरमा पसेर कुटपिट गरे' उनले भनिन् 'भाग्न सक्नेहरु ज्यान जोगाउन यताउता भागे तर कमजोर अवस्थाकी सीतादेवी जसोतसो झुपडी घरको पिंढीसम्म पुगेकी थिइन्, त्यहीं ढलिन् ।'

स्थानीय जातीय माइञ्जन समेत रहेका मृतककी जेठाजु सहदेव राउतले भने 'छरछिमेकमा भोजभतेर गर्न लाग्दा कसलाई बोलाउने नबोलाउने विषयमा प्रायः सल्लाह गर्न आउँथे, मैले पनि जानेको सल्लाह दिन्थें ।' 'छिमेकीको ससुराको मृत्युपछि आगामी शनिबार र आइतबार हुने भोजमा आफूहरु ६ दाजुभाईको परिवारलाई निम्तो काटेको थाहा पाएपनि केही बोलेको थिइँन' उनले भने 'सामान्य भनाभनपछि घर घरमै पसेर बुहारीलाई कुटेरै हत्या गरे ।' राजारामको नेतृत्वमा उनका दाजुभाईहरु मंचलाल, प्रदिप, सोभित, बुधेश्वर, रामदुलार, शत्रुधन, सीताराम, बालदेव साहसहित तिनका परिवारका महिलाहरु घर घरमा पसेर कुटपिट गरेको उनले बताए ।

जिल्ला प्रहरी कार्यालय सिरहामा पीडित पक्षले ७ जनामाथि कर्तव्य ज्यान मुद्दा दर्ताका गराएका छन् । प्रहरीले

________बाँकी ४ पेजमा

## हत्या आरोपी १० वर्षपछि पक्राउ

**लहान ।** प्रहरीले हत्याको घटनामा संलग्न रहेका एकजनालाई १० वर्षपछि पक्राउ गरेको छ । पक्राउ पर्नेमा सिरहाको मिर्चैया नगरपालिका-९ का ३० वर्षीय लालकुमार साह रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी प्रवक्ता डिएसपी विनोद घिमिरेले हत्या गरी फरार रहेका साहलाई पक्राउ गरी अनुसन्धान भइरहेको जनाए । साहलाई सादा पोसाकमा खटिएको टोलीले धनुषाको जनकपुरधाम उपमहानगरपालिका- १ वकिल टोलबाट पक्राउ गरेको हो ।

हत्या आरोपी साहलाई इलाका प्रहरी कार्यालय मिर्चैयामा राखेर थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ । साहमाथि ११ असार ०६७ मा मिर्चैया नगरपालिका-५ का २२ वर्षीय वीरेन्द्रकुमार यादवलाई गोली हानेर हत्या गरी फरार भएको आरोप छ ।

## सिरहा नगरपालिकामा कांग्रेसबाट निर्वाचित वडाअध्यक्षले जोखिम भत्ता फिर्ता गरे

**सिरहा ।** कांग्रेसबाट निर्वाचित सिरहा नगरपालिकाका केही वडाअध्यक्ष र कार्यपालिका सदस्यले कोरोना रोकथाम तथा नियन्त्रणको नाममा बुझेका जोखिम भत्ता नगरपालिकामा फिर्ता गरेका छन् ।

बुधबार वडा नम्बर २० का वडाध्यक्ष रामचन्द्र यादव, वडा २१ का सुरेन्द्र मण्डल, वडा २२ का आशाराम यादव, कार्यपालिका सदस्य उदयशंकर राउत र इन्दिरा कर्णले जोखिम भत्ता नगरपालिकालाई फिर्ता




________बाँकी ३ पेजमा

## धनगढीमाईले थाल्यो पिसिआर परीक्षण

**सिरहा ।** कोरोना संक्रमणबाट हुने संभावित खतराबाट नगरलाई जोगाउने उद्देश्यले धनगढीमाई नगरपालिकाले आˆनै लगानीमा पीसीआर परीक्षण सुरू गरेको छ । आफ्नै लगानीमा नगरपालिका क्षेत्रभित्रकाहरूलाई स्वाब संकलन र परीक्षण गराउने जिल्लामैं सम्भवतः पहिलो नगरपालिका हो । पहिलो चरणमा गरेको नगरपालिकाका कर्मचारी, जनप्रतिनिधि, क्वारेनटाइनमा काम गर्ने स्वास्थ्यकर्मी, समाजसेवी, व्यवसायी, कन्ट्याक्ट ट्रेसिंगमा परेका सर्वसाधारण, बढी भीडभाड हुने चियापसलका व्यापारी गरी १ सय ६५ जनाको स्वाब संकलन गरिएको नगरपालिकाका प्रवक्ता प्रकाश योन्जनले

________बाँकी ३ पेजमा

## सिरहामा थपिए २४ कोरोना संक्रमित

**लहान ।** सिरहामा बुधबार २४ जना कोरोना भाइरस(कोभिड-१९)का संक्रमित थपिएका छन् । जसमा प्रहरी निरीक्षक, प्रहरी जवान र सर्वसधारण रहेका छन् । जिल्ला स्वास्थ्य कार्यालय

________बाँकी ३ पेजमा

**ग्रामीण विकासमा स्थानीय तहको भूमिका**

स्तम्भ : पालिका बहस
पेज 8 मा

**सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!**

हिमालय सुगर मिल्सको ई. डी. सरेश सर्राफ, महाप्रबन्धक टे. सत्य नारायण कुशवाहा तथा महाप्रबन्धक उखु प्रशासन अवध किशोर यादव साथमा उखु विभागका जिल्लाभरीको फिल्ड स्टाफ जे.टि.ए.उखु विकास अधिकृतहरूको उपस्थितिमा भदौ, असोज र कार्तिकमा उखु खेतीबारे छलफल तथा यस वर्षको लागि उखु रोपाइँको सिजन गर्नुपर्ने भएकोले आ-आफ्नो खेतीयोग्य जग्गालाई राष्ट्र तथा आफ्नो विकासमा लगाई सुवर्ण अवसरलाई सदुपयोग गर्नु हुनका लागि सम्पूर्ण कृषक महानुभावहरूमा अनुरोध छ ।

**हार्दिक शुभकामना**

सिरहाको लहानबाट "**लहान पोस्ट**" राष्ट्रिय दैनिक पत्रिका र 'www.lahanpost.com' प्रकाशनमा आएको हुँदा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै शुभकामना व्यक्त गर्दछु ।



**नरेश कुमार यादव**
प्रदेश सभा सदस्य
प्रदेश नं. २

## कोरोना नियन्त्रणमा असहयोग गर्ने स्वास्थ्य संस्थाविरुद्ध प्रदेश २ सरकारले मुद्दा हाल्ने

**जनकपुरधाम** । प्रदेश २ सरकारले कोरोना महामारी नियन्त्रणमा असहयोग गर्ने निजी स्वास्थ्य संस्था र मेडिकल कलेजहरू विरूद्ध अदालत जाने तैयारी थालेको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा मंगलबार सम्पन्न प्रदेश संकट व्यवस्थापन केन्द्र (पिसिएमसी)को बैठकले कोरोना महामारी नियन्त्रणमा असहयोग गर्ने प्रदेशस्थित मेडिकल कलेज सहित निजी स्वास्थ्य संस्था विरूद्ध अदालत जाने तयारी थालेको छ ।

बैठकले समाजिक विकास मन्त्री नवलकिशोर साहको संयोजकत्वमा सुरक्षा निकायका प्रमुखहरू समेत रहने गरि समन्वय समिति गठन गर्दै उक्त समितिले मेडिकल कलेज सहितका निजी स्वास्थ्य संस्थाहरूसंग कोरोना व्यवस्थापनको विषयमा पहिलो चरणमा छलफल गर्ने, मेडिकल कलेज तथा निजी अस्पतालहरूलाई संघीय सरकारले तोकेको दररेट उपलब्ध गराई कोभिड उपचारका लागि प्रयोग गर्ने निर्णय गरेको छ ।

त्यसपछि पनि मेडिकल कलेज तथा निजी अस्पतालहरूले कोभिड उपचारमा सहयोग नगरे कारवाही तथा दर्ता खारेजको लागि संघिय सरकारमा लेखी पठाउने तथा कानुन वमोजिम कारवाहीका लागि मुद्दा प्रक्रिया अगाडि बढाउने निर्णय गरेको छ ।

बैठकले प्रदेशमा समुदाय स्तरमै फैलिदै गएको कोरोना महामारी नियन्त्रणमा रहेका अप्ठ्यारा एवं सरकारले गर्नुपर्ने कार्यहरू बारे जिल्ला स्तरबाटै जानकारी लिन प्रदेशको ४ स्थानमा २/२ जिल्ला समेटिने गरि बैठक गर्ने निर्णय समेत गरेको छ । साथै प्रदेश सरकार र पिसिएमसीले विगतमा गरेका निर्णयहरू अविलम्ब कार्यान्वयन गर्न सरोकारबालालाई निर्देशन समेत दिएको छ ।

बैठकलाई सम्बोधन गर्नुहुदै मुख्यमन्त्री लालबाबु राउतले कोरोनाको अति दु:खदायी तथा असहज परिस्थितमा सबै नागरिकलाई बचाउने पहिलो जिम्मेवारी भएको हुनाले प्रदेश सरकार कठोर भन्दा कठोर कदम चाल्न बाध्य रहेको र यस विषम परिस्थितिमा सबै पक्षलाई आ-आफनो स्तरबाट सहयोग गर्न अपील समेत गरे ।

यस अघि नै निर्णय भएको विरगंज, जनकपुर र राजविराजमा थप पिसिआर मेसिन जडान एवं गौरमा नयाँ ल्याब संचालन कार्य अविलम्ब पूरा गर्नुका साथै महोत्तरीको जलेश्वरमा समेत नयाँ पिसिआर ल्याब संचालन गर्ने निर्णय बैठकले गरेको छ ।

बैठकले कोरोना महामारी नियन्त्रणमा देखिएको जनशक्ति अभावलाई अविलम्ब करार सेवा मार्फत परिपूर्ति गर्न समेत समाजिक विकास मन्त्रालयलाई निर्देशन दिएको छ । यसका साथै बैठकले कोरोना महामारी नियन्त्रणमा उत्कृष्ट भूमिका निर्वाह गर्ने चिकित्सक, स्वाथ्यकर्मी एवं सुरक्षाकर्मीलाई प्रोत्साहन स्वरूप पुरस्कृत गर्ने निर्णय समेत गरेको छ ।

## काग्रेसले ३० जिल्लालाई गर्‍यो आर्थिक सहयोग

**काठमाडौं** । प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले बाढी-पहिरो प्रभावितको उद्धार र राहतका लागि ३० जिल्लालाई आर्थिक सहयोग गरेको छ । कांग्रेसले बाढी-पहिरो प्रभावितको उद्धार र राहतका लागि ३० जिल्लालाई पार्टीका तर्फबाट डेढ लाख रूपैयाँ दरले आर्थिक सहयोग गरेको हो ।

बाढी-पहिरो प्रभावितको उद्धार र राहतमा खर्च हुने गरि उक्त रकम जिल्ला कार्यसमितिका नाममा पठाइएको मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए । लमजुङ, सिरहा, गुल्मी, नुवाकोट, स्याङ्जा, बाग्लुङ, म्याग्दी, पाल्पा, ताप्लेजुङ, ओखलढुंगा, संखुवासभा, पर्वत, सिन्धुपाल्चोक, महोत्तरी, पर्सा, धादिङ, पाँचथर, तेह्रथुम, मकवानपुर, बारा, सर्लाही, काभ्रे, रसुवा, धनुषा, सिन्धुली, बझाङ, जाजरकोट, खोटाङ, बाजुरा र कास्की जिल्लालाई कांग्रेसले आर्थिक सहयोग गरेको हो ।

'नेपाली कांग्रेस हरेक मानवीय पीडामा मल्हम लगाउन सदैव अग्रपंक्तिमा कार्य गर्दै आएको छ,' मुख्य सचिव कृष्णप्रसाद पौडेलद्वारा जारी विज्ञप्तीमा भनिएको छ, 'यसक्रममा बाढी-पहिरोका कारण पछिल्ला दिनहरुमा भएको क्षतिमा उद्धार र राहतको जिल्ला स्तरीय अभियानलाई बल पुर्‍याउन कांग्रेस केन्द्रीय समितिका तर्फबाट रु ४५,००,०००।- (पैंतालीस लाख) 'स्नेहको सानो सहयोग' का रूपमा १,५०,०००- (एक लाख पचास हजार) रूपैयाँका दरले पहिलो चरणमा ३० जिल्लामा जिल्ला कार्यसमितिका नाममा पठाइएको छ ।'

# प्रदेश २ को अवस्था, सम्भावना र चूनौती

**शिव नारायण महतो**

पूर्वी मध्य तराईका सिरहादेखि पर्सासम्मका आठवटा जिल्लाहरु मिली बनेको प्रदेश २ नेपालको भौगोलिक रूपमा सबैभन्दा सानो प्रदेश हो । समतल भू-भाग भएको यो प्रदेश नेपालको प्रदेश १ र ३ तथा भारतको बीचमा अवस्थित छ । मधेसी बाहुल्यता रहेको यो प्रदेशमा अत्यधिक जनघनत्व रहेको छ । यो कृषि, उद्योग, पर्यटन, भन्सारका लागि धेरै महत्वपूर्ण प्रदेश हो । तथापी यो जलविद्युत आयोजना विहीन प्रदेश हो । यहाँका प्रमुख बजारहरुमा वीरगंज, जनकपुर, राजविराज, लहान, मिर्चैया, जलेश्वर, बर्दिबास, मलंगवा, कैलाली, चन्द्रनिगाहापुर, सिमरा पर्दछन् ।


अधिकार र पहिचानका लागि पटक पटक आन्दोलन भएको यो प्रदेशमा तराईका अधिकांश जातजातिको बसोबास रहेको छ । शिक्षा, स्वास्थ्य, मानव विकास सूचकमा धेरै पछाडि परेको यो प्रदेश गरिबीले आक्रान्त छ । समथर भूभाग, धेरै जनसंख्या, उच्च प्रतिव्यक्ति आयू, प्रशस्त खेतीयोग्य जमिन, देशको कूल ग्राईस्थ उत्पादनमा कृषि, मत्स्यपालन र उद्योगको क्षेत्रगत योगदान बढी रहेकाले यस प्रदेशको समृद्धिका लागि धेरै सम्भावना रहेका छन । यस प्रदेशका बारेमा तथ्यांक सहित परिचय संक्षेपमा तल उल्लेखित गरिएको छ ।

### जनसंख्या र भूगोल

नेपालको पछिल्लो जनगणनाको तथ्यांक हेर्दा, प्रदेश नम्बर २ मा ५४ लाख ४ हजार १ सय ४५ मानिसहरु बसोबास गरिरहेका छन, जुन नेपालको कूल जनसंख्याको २०/४० प्रतिशत हो । तर क्षेत्रफलको हिसाबले यो प्रदेश सबैभन्दा सानो प्रदेश हो, जसको क्षेत्रफल ९६६२ वर्ग किलोमिटर अर्थात नेपालको कूल भूभागको ६/५६ प्रतिशत मात्रै छ । जनसंख्याको उमेरअनुसार यस प्रदेशमा ३८/५६ प्रतिशत जनसंख्या १५ वर्ष भन्दा मुनिका र ५३/९४ प्रतिशत जनसंख्या १५ देखि ५९ तथा ७/५१ प्रतिशत जनसंख्या ६० वर्षभन्दा माथिको जनसंख्या रहेको छ । यसरी करिब ४६ प्रतिशत जनसंख्या आश्रीत छन् ।

### जातजाति

मधेसी जाति बहुल्यता भएको प्रदेश २ मा नेपालको पछिल्लो जनगणनाको तथ्यांक हेर्दा, सबैभन्दा बढी ७,९८,७७० रहेको यादव जातिको बसोबास छ जसको प्रतिशत १४/७८ रहेको छ भने दोस्रोमा मुस्लीम (११/५८ प्रतिशत) छ । बृहत रूपमा विश्लेषण गर्दा सबैभन्दा बढी मधेसी (५१ प्रतिशत), तराई दलित (१४/२० प्रतिशत), मुस्लमान (११/५८ प्रतिशत) छ भने खसआर्य ४/८७ प्रतिशत छन । जसलाई तलको स्तम्भचित्रमा देखाईएको छ ।




### भूउपयोगको अवस्था

प्रदेशको आर्थिक विकासका लागिमात्रै होईन, वातावरण संरक्षणका लागि पनि त्यहाँको जमिनको बनोट, उत्पादकत्व, क्षमता र भौगोलिक विषेशता आदिका बारेमा थाहा हुन जरूरी हुन्छ । नेपालको भूउपयोगको अध्यावधिक तथ्यांक सार्वजनिक रूपमा उपलब्ध छैन । केन्द्रीय तथ्यांक विभागले २०७२ साल पौषमा प्रकाशित गरेको कम्पेण्डियम अफ इन्भाईरोमेन्टल स्टाटिस्टीक्समा नेपालमा जिल्लागत भूउपयोगको अवस्था अनुसार कृषि क्षेत्र ६६४४/३० वर्ग किलोमिटर, वन क्षेत्र २६२३ वर्ग किमी, झाडी बट्यान क्षेत्र ७९/९२ वर्ग किमी, पानीले ढाकेको क्षेत्र ८१/७८ वर्ग किमी, खाली पर्ति जग्गा ३३०/४० वर्ग किमी, हिउँले ढाकेको क्षेत्र ० वर्ग किमी र अन्य ५/४४ वर्ग किलोमिटर रहेका छन । यसरी प्रदेश २ मा कूल भूभागको कृषि क्षेत्र ६८ प्रतिशत, वन क्षेत्र करिब २७ प्रतिशत रहेका छन भने हिउँले ओगटेको क्षेत्र छैनन् ।

### सडक सञ्जाल

सडकलाई आर्थिक विकासको मेरूदण्ड र विकासका अन्य पूर्वाधार निर्माणको जग मानिन्छ । सडक विभागको २०७४ को तथ्यांक अनुसार नेपालमा सडक सञ्जालको लम्बाई १२,५९० किलोमिटर पुगेको छ, जसमध्ये कच्ची सडक ४,३९५ कि.मी., ग्राभेल सडक १,७३५ किलोमिटर र कालोपत्रे सडक ६,४६० किलोमिटर छ । प्रदेश नं. २ सडक सञ्जलको हिसाबले सबैभन्दा कमजोर प्रदेश देखिन्छन् । प्रदेश २ मा करिव १,३५४ किलोमिटर मात्रै सडक छ । प्रदेश नं. २ मा नेपालको कूल सडक सञ्जालको करिव ११ प्रतिशत मात्रै सडक खण्ड परेको छ ।

### विद्युत

प्रदेश २ विद्युत उत्पादनको हिसाबले सबैभन्दा कमजोर देखिन्छ, जसमा एउटा पनि जलविद्युत आयोजना सञ्चालनमा छैनन् भने सर्वेक्षण र उत्पादन अनुमति लिएका आयोजनाहरु पनि छैनन् ।

### आर्थिक क्षेत्रहरूको अवस्था

यूएनडीपीले सार्वजनिक गरेको नेपालको मानव विकास सूचकांक २०१४ मा विभिन्न आर्थिक क्षेत्रहरुको कूल ग्राहस्थ उत्पादनमा योगदान र त्यसको प्रादेशिक वितरण दिईएको छ । राष्ट्रिय लेखा तथ्यांकमा विभिन्न औद्योगिक क्षेत्रहरूलाई १५ क्षेत्रमा विभाजन गरिएको छ, जसमा कृषि तथा वन, मत्स्यपालन, खानी तथा उत्खनन, उद्योग, विद्युत, ग्यास तथा पानी, निर्माण, थोक तथा रेष्टुरेन्ट,यातायात सञ्चार तथा भण्डारण, वित्तीय मध्यस्थता, रियल स्टेट तथा व्यवसायिक सेवा, सार्वजनिक प्रशासन तथा रक्षा, शिक्षा, स्वस्थ्य र अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवा पर्दछन् ।

क्षेत्रगत रूपमा नेपालको कूल ग्रार्हस्थ उत्पादनमा सबैभन्दा धेरै कृषि क्षेत्रको योगदान छ, जसले करिब ३७ प्रतिशत योगदान दिन्छ भने थोक तथा खुद्रा व्यापारले दोस्रो ठूलो (१४ प्रतिशत) योगदान गर्छ ।

त्यस्तै प्रदेश २ को कूल ग्राहस्थ उत्पादनमा सबैभन्दा धेरै कृषि क्षेत्रकै योगदान रहेको छ, जसको करिब ४० प्रतिशत योगदान छ भने दोस्रोमा थोक तथा खुद्रा व्यापारको जसको हिस्सा १५/२६ प्रतिशत र तेस्रोमा उद्योगको जस्को योगदान करिब १३ प्रतिशत रहेको छ । त्यसैगरी मत्स्यपालनमा सबैभन्दा बढी योगदान दिने प्रदेश २ (५५ प्रतिशत ) छ । उद्योग मार्फत देशको कूल ग्रार्हस्थ उत्पादनमा योगदान गर्नेमा सबैभन्दा अगाडि प्रदेश २ नै आउँछ जसको करिब ३४ प्रतिशत योगदान गरेको छ ।

प्रदेश २ को कूल ग्रार्हस्थ उत्पादन रू २ खर्ब ९ अर्ब २२ करोड ५० लाख रहेको छ जसको नेपालको कूल ग्रार्हस्थ उत्पादनको १६/२२ प्रतिशत योगदान रहेको छ । प्रदेश नं २ मा बसोबास गर्ने मानिसको प्रति व्यक्ति आय ५७१ अमेरिकन डलर र अन्तर्राष्ट्रिय क्रय शक्ति समानता (Purchasing Power Parity) का आधारमा प्रति व्यक्ति आय ९२२ अमेरिकन डलर रहेको छ ।

### मानव विकास सूचकांक

नेपाल मानव विकास प्रतिवेदन २०१४ अनुसार सबभन्दा पछाडि परेका १५ वटा जिल्ला क्रमश बाजुरा, बझाङ, कालिकोट, हुम्ला, अछाम, रौतहट, महोत्तरी, जाजरकोट, रोल्पा, मुगु, डोल्पा, सर्लाही,

बाँकी ३ पेजमा

## कोरोना भाइरस रोग (कोभिड-१९)

- घरहरुको बाहिरबाट हावा छिर्न नसक्ने गरी पराल, छ्वाली, ढोका वा यस्तै प्रकारको सामग्रीहरुको प्रयोगबाट घेरा बेरा गर्ने वा गर्न लगाउने ।
- घर बाहिर खुल्ला स्थानमा धेरै समय नबस्ने वा बस्न नलगाउने ।
- पानी तताएर सुद्धिकरण गरी पिउने र अरुलाई पनि पिउन सुझाव दिऔं ।
- बालबालिका, सुत्केरी तथा गर्भवति महिला, अपाङ्गता भएकाहरु, बृद्ध-बृद्धा तथा विरामीहरुको विषेश ख्याल गरौं ।
- बाँझो जग्गामा बोटविरुवा रोपौं ।
- घर आंगन सफा राखौं र सफा राख्न अरुलाई सल्लाह दिऔं ।
- बालविवाह रोकौं छोरीको भविष्य आजै देखि उज्जवल बनाउन सोचौं ।
- आर्थिक कार्यमा महिला सहभागीता बढाऔं ।

दलित जनकल्याण युवा क्लब लहान-१४ द्वारा जनहितमा जारी

# तीज : दर खाने चलन

## नारी ढुकढुकी

**रमिता नेपाल दाहाल**
*(शिक्षिका तथा संचारकर्मी)*



नेपाली नारीले भाद्रशुक्ल द्वितिया अर्थात हरितालिका तीजको अघिल्लो दिन दर खाने प्रचलन हाम्रो नेपाली समाजमा परापूर्वकाल देखि नै चलिआएको छ । सनातन हिन्दू धर्मावलम्बी नेपाली महिलाहरूले विशेष तरिकाका साथ तीज पर्व मनाउने क्रम पनि यही दिनबाट सुरू हुने गर्दछ ।

बितेका समय हरूलाई फर्केर हेर्ने हो भने यो प्रचलनले चेली र माइती बिचको सम्बन्धलाई अति नै प्रगाढ पारेको देखिन्छ ।

तीज आउनु भन्दा दुइ चार दिन अगाडि नै माइतीहरु चेली लिन चेलीको घर पुग्ने गर्दथे । शहरमा भन्दा गाउँघरमा तीजको रनक नै बेग्लै हुने गर्दछ । टाढाबाट आएका चेलीहरु आमाले पकाएको मीठो दर खाएर अति नै रमाउने गर्दछन् । कति समयपछि भेटिएका साथी-संगीहरु सँग रातो साडी, चुरा र पोतेमा सजिएका नारीहरु छमछमी नाचेर र गीत गाएर रमाईलो गर्ने गर्दछन् । वर्तमान परिप्रेक्ष्यमा तीजले अलिक बेग्लै रूप धारण गरेको पाइन्छ । दरखाने दिन आउनु भन्दा एक महिना अगाडि देखि प्राय घर(घरमा तीजको प्रभाव परेको देखिन्छ । अझ गाउँमा भन्दा शहरमा तीजलाई भड्किलो पाराले मनाउन थालिएको पाइन्छ । तर यसपाली त कोभिड-१९ ले कहींकतै तीज भव्य रूपमा मनाएको देख्न पाइएन । आ-आफ्ना घरमा बसेर मिठा मिठा परिकारहरु बनाएर आफ्नै परिवारका सदस्यहरूसँग रमाइलो गरी तीज मनाएको देखिन्छ । विवाहित महिलाले पतिको दीर्घायुको कामना तथा अविवाहितहरूले सुयोग्य पतिको कामना गर्दै तीजको दोस्रो दिन वा दर खाने दिनको भोलि पल्ट निराहार व्रत बस्ने परम्परा छ ।

भोलिपल्ट निराहार व्रत बस्ने भएकोले तीजको पहिलो दिन घरघरमा खासगरी दुग्ध निर्माण मिष्ठान्न तथा परिकारहरु तयार गरी दर खाने प्रचलन छ । महिलाहरुले यो दिन माछामासुजन्य बाहेक चोखो चिज खाएर भोलि पल्ट निराहार व्रत बस्ने गर्दछन् । दरमा खिर, ढकने र सेलरोटी जस्ता परिकारहरु खाने गरिन्छ तर कतिपय स्थान अनुसार परिकारहरु भिन्नभिन्न पनि हुने गर्दछन् । दर खाएको भोलिपल्ट निराहार व्रत बस्ने भएकाले त्यसको आडको लागि अघिल्लो साँझ पौष्टिक तत्वयुक्त खानेकुरा खाने चलन रहेको छ । हरितालिका तीजका बेला पानीसमेत नखाई व्रत बस्ने र धेरै नाचगान गरिने हुनाले शक्ति आवश्यक हुने गर्दछ । त्यसैले पनि दर खाने प्रचलन रहेको हो भन्ने भनाइ रहेको छ । त्यस्तै गरेर पहिला पहिला आ॑ ना चेलीहरु जो गाउँघरमा असार-श्रावणमा खेतीपाती तथा घरको सबै काम समेत सम्हाल्नु परेका कारण शारीरिक दुर्बलताका साथै थाकेर आलस्य बनेको शरीर तीजको बहानामा माइती जाने र आराम गर्ने र थकित एवं दुर्बल शरीरलाई विभिन्न पौष्टिक आहाराको माध्यमबाट मजबुत बनाउने हेतुका साथ परापूर्वकालदेखि नै तीजमा दर खाने प्रचलन सुरु गरिएको पाइन्छ । यस्ता लोकप्रिय चाडपर्वहरूले हाम्रो संस्कृति र परम्परालाई कायम राख्ने, चेली-माइती बिचको सम्बन्ध स्नेही बनाउने हुनाले पनि हामीले यी चाडपर्वहरु मनाउनु उपयुक्त देखिन्छ । तर संस्कृति र परम्पराका नाममा विकृति र विसंगति पनि देखिएको हुँदा त्यस्ता विकृत कुराहरूलाई तिरस्कार गर्न पनि सक्नु पर्दछ ।

**हरितालिका तीज ( २०७७ को अवसरमा सम्पुर्ण आमा, दिदि(बहिनीहरूमा हार्दिक मंगलमय शुभकामना ! यसपालीको तीजमा घरमै बसौं, सुरक्षित रहौ, आफू पनि बचौ, अरूलाई पनि बचाऔं ।**

## प्रदेश २ को ...

डोटी, सिराहा र जुम्ला हुन । यी १५ वटा जिल्लामा सात वटा जिल्ला प्रदेश ६, चार/चारवटा जिल्ला प्रदेश ७ र प्रदेश २ मा पर्दछन ।

प्रदेश नं २ को मानव विकास सूचकांक ०/४२२ रहेको छ जुन नेपालको समग्र मानव विकास सूचक ०/४९० भादा कम रहेको बताउँछ । मानव विकास सूचक स्वास्थ्य, शिक्षा र प्रति व्यक्ति आयलाई आधार मानेर निकाल्ने भएकाले प्रदेश नं २ मा स्वस्थ्य, शिक्षा र प्रति व्यक्ति आयको अवस्था कमजोर रहेको देखिन्छ ।

**क्रमशः भोलीको अंकमा**

## सिरहा...

गरेका हुन । उनीहरूले ८२ हजार १७० रूपैयाँका दरले कोरोना जोखिम भत्ता वापत बुझेका थिए ।

कांग्रेस नगर समिति सिरहाले पत्रकार सम्मेलन गरी कांग्रेसबाट निर्वाचित वडाध्यक्ष र कार्यपालिका सदस्यलाई जोखिम भत्ता फिर्ता गर्न निर्देशन दिएको थियो । फिर्ता नगर्ने जनप्रतिनिधिलाई पार्टीले कारवाही गरिने नगरसभापति रामअषिश यादवले जनाए । सिरहा नगरपालिकामा कांग्रेसबाट ९ वटा वडाध्यक्ष र ४ कार्यपालिका सदस्य निर्वाचित भएका छन् । कोरोनाको नाममा जनप्रतिनिधिले जनताको पैसा लुट्न नहुने कांग्रेसबाट नगरपालिकामा मेयरमा चुनाव लडेका डा. सुभाषचन्द्र यादवले बताए । 'कोरोना रोकथाम तथा नियन्त्रणमा नगरपालिकाले खर्च गरेको विवरण हामीले पटक पटक माग गर्दा पनि पाएका थिएनौं,' पत्रकार सम्मेलनमा डा. यादवले भने, 'जिल्ला प्रशासन कार्यालयले सार्वजनिक गरेपछि थाहा पायौं । यहाँ त कामै नगरी धेरै रकम खर्चिएको विवरण देखिन्छ ।' कोरोनाको नाममा नगरपालिकामा भ्रष्टाचार बढेको उनको आरोप छ ।

नगरपालिकाले कोरोना रोकथाम तथा नियन्त्रणको नाममा ५ करोड ९१ लाख रूपैयाँ गत चैतदेखि असार सम्म खर्च गरेको विवरण सार्वजानिक गरेको थियो । जसमा नगरपालिकाले जनप्रतिनिधि र कर्मचारीलाई जोखिम भत्ता ५७ लाख ६ हजार रूपैयाँ वितरण गरेको थियो । खर्च विवरण सार्वजनिक भएपछि व्यापक भ्रष्टाचार भएको जनगुनासो बढेको छ ।

जोखिम भत्ता रकम फिल्डमा खटिने कर्मचारीसँगै जनप्रतिनिधिले पनि लिएका थिए । मेयरले १ लाख ३२ हजार ८ सय र वडाध्यक्ष र कार्यपालिका सदस्यलाई ८३ हजारको दरले रकम बाडेर लिएका थिए । उपमेयर डा. नमिता यादव, वडाध्यक्ष देवरंजन गोइत र महेन्द्र यादवले भने जोखिम भत्ता नलिएको रकम बुझेको भर्पाइमा देखिन्छ ।

कार्यालय सहयोगी अशोक यादवको नाममा ४३ लाख ८४ हजार ५६ रूपैयाँ चेक काटेर नगदमै जोखिम भत्ता बाडिएको छ । ८३ दिनको मेयरले दैनिक १६ सय रूपैयाँका दरले, वडाध्यक्षले १ हजार रूपैयाँ दरले रकम बुझेको हो । कार्यापालिका बैठकबाट निर्णय गरि जोखिम भत्ता वितरण गरिएको मेयर अशेश्वर यादवले जनाएको छ । जिल्ला प्रशासन कार्यालयमा कोरोना खर्च विवरण बुझाएपछि सिरहा नगरपालिकाले बिल भर्पाइ मिलाएर बढी रकम खर्चेको आशंकामा अख्तियार दुरूपयोग अनुसन्धान आयोग बर्दिबास कार्यालयको टोलीले कागजात लगेको थियो । त्यसैगरी अख्तियार टोलीले औरही गाउँपालिकाको कोरोनामा खर्चेको कागजात लगेको थियो ।

## धनगढीमाई ...

जानकारी दिए । मागको आधारमा स्वाब परीक्षणको दायरा बढाउँदै जाने नगरपालिकाले जनाएको छ ।

पछिल्लो केही समयदेखि नगर क्षेत्रभित्रका गाउँहरूमा छिटफुट रूपमा कोरोना संक्रमित फेला पर्न थालेपछि गाउँस्तरमा कोरोनाको स्थिति बुझ्नको लागि स्वाब संकलन र परीक्षणको सुरूवात गरेको नगरपालिकाकाले जनाएको छ । संकलित स्वाबलाई वी.पी.कोइराला विज्ञान प्रतिष्ठान धरानस्थित कोरोना जाँच ल्याबमा पठाइने जनाएको छ ।

अहिलेसम्म सिरहामा कोरोना संक्रमणबाट दुई जनाको मृत्यु भएको छ भने ६० जना कोरोना संक्रमितहरूको सिरहाका विभिन्न आइसोलेशनमा उपचार भइरहेको छ ।

## सिरहामा थपिए ...

सिरहाका अनुसार, इलाका प्रहरी कार्यालय गोलबजारका प्रमुख प्रहरी निरीक्षक जनक पुरी र सोही प्रहरी कार्यालयमा कार्यरत दश जना प्रहरी तथा गोलबजारका चार जना सर्वसाधारणको पिसिआर रिर्पोट पोजेटिभ आएको छ । चार जना संक्रमितहरू भने कन्टयाक्ट ट्रेसिङ्गका आधारमा फेला परेका हुन् । यसअघि पनि मंगलबार इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रमुख प्रहरी नायव उपरीक्षक सन्तुलाल जयसवाल पनि सक्रमित भएका छन् । यसैगरी, सिरहा नगरपालिका-१६ स्थित सीमा प्रहरी चौकीमा कार्यरत एक जना प्रहरीसहित ५ जना पुरूष र ४ जना महिला छन् । गोलबजार नगरपालिका १४ र नरहा गाउँपालिकाको क्वारेन्टाइनमा रहेका एकजनाको पिसिआर रिर्पोट पोजेटिभ देखिएको छ । योसँगै सिरहामा ८७ जना सक्रिय संक्रमितहरू देखिएका छन् जसमध्ये ८० जना समुदायबाटै आएका छन् ।

# औरहीको गाउँ गाउँमा झुल वितरण



**लहान** । सिरहाको दक्षिणी सीमावर्ती औरही गाउँपालिका क्षेत्रमा पर्ने गाउँ गाउँमा झुल वितरण थालिएको छ । गाउँ कार्यपालिकाको निर्णय अनुसार १ नं. वडादेखि ५ सम्मका करिब २० गाउँका छ हजार पाँच सय परिवारलाई दुई थानका दरले झुल वितरण थालिएको हो । औरही गाउँपालिकाको सबै वडामा वडाध्यक्ष, वडा सदस्यहरूको उपस्थितिमा पछिल्लो दुई दिनदेखि झुल वितरण भइरहेको गाउँपालिका अध्यक्ष सिद्धार्थ यादवले बताए । 'आगामी चार/ पाँच दिनभित्र सबै वडा क्षेत्रमा झुल बाँडिसक्ने योजना छ' वडाध्यक्ष यादवले भने ।

औरही ४ खजनपुर गोठ टोलमा बुधबार वडाध्यक्ष उपेन्द्रप्रसाद यादवले स्थानीय दुई सय ४० घर परिवारलाई साधारण र सुपानेट गरी दुई थान झुल तथा एक थान ह्याण्ड सेनिटाइजर वितरण गरे । 'वर्षा र गर्मीमा लामखुट्टेको टोकाइले हुन सक्ने मलेरिया, कालाजार जस्ता संक्रामक रोगबाट जोगाउन झुल बाँडिएको हो' वडाध्यक्ष यादवले भने 'झुलसहित अहिलेको कोरोना महामारीबाट जोगिन सेनिटाइजर समेत बाँडेका हौं ।'

उनका अनुसार औहरी ४ मा पर्ने खजनपुरगोठसहित लवटोली, इँटाटार, गणेशपुर, कमलपुर लगायतका गाउँका एक हजार तीन सय ५० परिवारलाई दुई/दुई थान झुल र सेनिटाइजर दिइने छ ।

गाउँपालिका अध्यक्ष यादवका अनुसार औरहीको हरकट्टी, दरहैया, कुण्डलपुर, तुलसियाही, देउरीपट्टि, बनिनियाँ, मालटोल, मोतीपुर, बालुटोल, पोखरिया, कडहर्वा, पिप्रा, जमुवा, खजनपुर लगायतका गाउँका करिब छ हजार सात परिवारलाई दुई/दुई थान झुल र सेनिटाइजर वितरण गरिने छ ।


## कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ ।**
**घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।**

**धनगढीमाई नगरपालिका कार्यालय, सिरहा**



**भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।**

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ राष्ट्रिय दैनिक
लहानपोस्ट LAHANPOST DAILY

# ग्रामीण विकासमा स्थानीय तहको भूमिका

## पालिका बहस

डा. देवीप्रसाद आचार्य



नेपाल गाउँ नै गाउँले भरिएको देश हो । गाउँहरू आधारभूत आवश्यकताबाट वञ्चित छन् । गरिबी, अभाव, बेरोजगारी, अशिक्षा, रोग, शोक र भोकले गाउँहरू थलिएका छन्, सताइएका छन् । गाउँमा अब्बल विद्यालयहरूको कमी छ । उच्च शिक्षा अध्ययनको लागि गुणस्तरीय शिक्षालयहरूको कमी छ । स्वास्थ्य उपचारको भरपर्दो सुविधा छैन । बाटोघाटो, खानेपानी र रोजगारीको चरम अभाव छ । राजनीतिक अस्थिरता, दलीय टकराव, असमझदारी, युवा पलायन ग्रामीण विकासका बाधक तत्वहरू हुन् ।

हाम्रो देशमा तीव्र राजनीतिक परिवर्तन त भयो । देशको राजनीतिक व्यवस्था पनि बदलियो । सरकारहरू बदलिए । सात दशकको समयमा सातवटा संविधानहरू पनि बने । ४० बढी प्रधानमन्त्रीहरू बदलिए । तर देशले विकासको गति लिन सकेन । गाउँमा विकास हुन सकेन । नागरिकहरूको आर्थिक अवस्था बदलिएन । राज्यले देश विकासका मानवस्रोत मानिने युवाशक्तिलाई देशमा टिकाउन सकेन । कुटो, कोदालो, हलो, जुवा, भारी र भकारोमा युवाहरू अल्मलिएनन् । बौद्धिक पलायन पनि रोकिएन । बेरोजगारी, अभाव, निराशा र अवसरको कमीले युवाहरू विदेशिए । गाउँहरू बूढाबूढी र केटाकेटीका बस्ती भए । गाउँका खेतबारीहरू बाँझिए । देशको अर्थतन्त्र विप्रेषणमा आधारित भयो ।

स्थानीय तहलाई गाउँ सरकार भनिएको छ । सिंहदरबारको अधिकारलाई घरदैलोमा पुऱ्याइएको छ । नागरिकको यो उत्साह र चासो देश विकाससँग जोडिएको हो । गाउँको विकाससँग जोडिएको हो । आर्थिक समृद्धिसँग जोडिएको हो । तसर्थ आˆनो गाउँठाउँको विकासका लागि स्थानीय तहको रचनात्मक भूमिका आवश्यक छ ।

गाउँहरू भौतिक विकासमा अत्यन्तै पछाडि परेका छन् । गरिबी, अशिक्षा, अभाव, पछौटेपनले सताइएका हाम्रा गाउँबस्तीहरूमा यातायात, बिजुली, खानेपानी, सञ्चारजस्ता आधारभूत आवश्यकताहरूको लागि योजनाबद्ध काम गर्न आवश्यक छ । हाम्रा गाउँहरूमा उपलब्ध हुन सक्ने जमिन, जल, जडीबुटी, जंगल र जवानीको उपयोग र पर्यटनको विकास नै गाउँ विकासको मुहान हुन् । यी उपलब्ध प्राकृतिक सम्पदाहरूलाई दुपयोग गर्दै गाउँ–गाउँमा विकासको मूल फुटाउनु गाउँ सरकारको कार्यभार हो । निर्यातमुखी कृषि, व्यवसायमुखी पशुपालन, कृषिमा आधारित औद्योगिकीकरण र स्थानीय पर्यटनलाई आयआर्जनको स्रोत बनाउनुपर्छ । यसो भएमा कृषि र पशुपालनको आधुनिकीकरण हुन्छ । घरेलु उद्योग सञ्चालनमा आउँछन् । आयआर्जनका अवसर सिर्जना हुन्छन् । विदेश जाने युवा गाउँमै रोकिन्छन् र विदेश गएकाहरू पनि फर्कन्छन् । तसर्थ ग्रामीण क्षेत्रमा विकासको लहर ल्याउन स्थानीय सरकार जिम्मेवार हुन आवश्यक छ ।

संविधानले स्थानीय तहलाई अधिकार सम्पन्न बनाएको छ । शिक्षा, स्वास्थ्य र सामाजिक न्यायको अधिकारलाई स्थानीय निकायमा प्रत्यायोजन गरिएको छ ।

राजनीतिक अधिकारले मात्र नागरिकहरूको जीवनस्तर माथि उठ्न सक्दैन । पछौटेपनको अन्त्य हुन सक्दैन । आर्थिक समृद्धि आजको आवश्यकता हो । आर्थिक समृद्धिको लागि गाउँको विकास अनिवार्य हुन्छ । हाम्रो देश कृषिमा आधारित भएकोले कृषिक्षेत्रको आधुनिकीकरण नभई गाउँको विकासले गति लिन सक्दैन । कृषिमा आधुनिकीकरण र रोजगारीको अवसर गाउँ विकासका आधार हुन् । कृषिमा आधारित उध्योगहरूको वृद्धि र विकास आयआर्जन र रोजगारीका स्रोत हुन् ।

कृषिमा आधुनिकीकरण, पशुपालन, माहुरी पालन, रेसम खेती, तरकारी खेती, फलफूल खेती, पुष्पखेती, माछा पालन, अदुवा, अलैंची अम्रिसोलगायतका नगदेबालीहरूको उत्पादनले गाउँको मुहार फेरिन सक्छ । ग्रामीण विद्युतीकरण, व्यापार विविधीकरण, सामाजिक सशक्तीकरण, आर्थिक सुदृढीकरण, पर्यटन प्रवर्द्धन, शैक्षिक जागरण, वैज्ञानिक तथा प्राविधिक दक्षतामा अभिवृद्धि नै ग्रामीण विकासका आधार हुन् । माथि उल्लिखित स्रोत र साधनको प्रयोग गरी ग्रामीण विकास गर्न गाउँ सरकारले भूमिका खेल्नुपर्दछ । गाउँ–ठाउँमा भएको प्राकृतिक स्रोत र साधनको अधिकतम उपयोगविना गाउँको विकास सम्भव छैन । गाउँ विकासको मानवस्रोत युवाशक्ति हो । अहिले युवाहरू आयआर्जनको अवसरको अभावमा विदेशिएका छन् । भारत, मलेसिया, अफगानिस्तान, इराक, इजरायल, खाडीमुलुक, कोरिया, जापानलगायतका देशहरूमा श्रम र श्री बेच्न बाध्य भएका युवाहरूलाई स्थानीय तहमा नै आयआर्जनको अवसर प्रदान नगरेसम्म गाउँको विकास हुन सक्दैन । गाउँको विकास नभई देशको विकास सम्भव छैन । तसर्थ स्थानीय सरकारले गाउँमा युवाहरूलाई रोजगारीको सिर्जना गरी आयआर्जनका पाटाहरू बनाउनुपर्दछ ।

अविकास, अव्यवस्था, अशिक्षा, गरिबी, अभाव, अनधविश्वास, जातीय द्वन्द्व, क्षेत्रीय द्वन्द्व, सामाजिक असमझदारी हाम्रा विकासका शत्रु हुन् । देश निर्माणका बाधक हुन् । यी बाधा–अड्चनहरूलाई पन्छाउन सामाजिक चेतना र आर्थिक समृद्धि अनिवार्य हुन्छ । यसको लागि गाउँको निर्वाहमुखी कृषिलाई निर्यातमुखी बनाउन आवश्यक छ । नदी–खोलाहरूका किनारमा लम्पसार परेका सुख्खा खेतबारीहरूको सिंचाइको व्यवस्था गर्नुपर्दछ । सिंचाइको लागि कुलो वा नहरहरू बनाउनुपर्दछ । किसानहरूको आकाशे पानीको भरमा खेती गर्ने बाध्यताको अन्त्य गर्नुपर्दछ । आधुनिक बीउ बिजनको छनोट र मलखादको व्यवस्था गरी गाउँबेंसीका खेत, फाँट, डोल तथा बारीलाई अन्नका भण्डार बनाई आयआर्जनको स्रोत बनाउनुपर्दछ ।

स्थानीय सरकारलाई भ्रष्टचारमुक्त बनाइनुपर्दछ । सुशासन, पारदर्शिता, जवाफदेहिता, जनमुखी विकास योजनाको आधारमा गाउँको विकास गर्नुपर्दछ । शान्ति र सामाजिक सद्भाव विकास निर्माणको अर्को आधार भएकोले सामाजिक अनुशासन कायम गर्नुपर्दछ । निर्यातमुखी कृषि, व्यवसायमुखी पशुपालन, कृषिमा आधारित औद्योगिकीकरण र स्थानीय पर्यटनलाई आयआर्जनको स्रोत बनाउनुपर्छ । यसो भएमा कृषि र पशुपालनको आधुनिकीकरण हुन्छ । घरेलु उद्योग सञ्चालनमा आउँछन् । आयआर्जनका अवसर सिर्जना हुन्छन् । विदेश जाने युवा गाउँमै रोकिन्छन् र विदेश गएकाहरू पनि फर्कन्छन् । तसर्थ ग्रामीण क्षेत्रमा विकासको लहर ल्याउन स्थानीय सरकार जिम्मेवार हुन आवश्यक छ । *नेपाल समाचारपत्रबाट*

## मृत्यु संस्कारको ...

अनुसन्धानका लागि सोही गाउँका बालदेव साह, कमलेश राउत, लिलादेवी राउत र सुलेखा राउतलाई नियन्त्रणमा लिएको प्रहरी प्रवक्ता डिएसपी विनोद घिमिरेले जानकारी गराए । थप अनुसन्धान भइरहेको उनले बताए । गाउँबाट अधिकांश पुरूषहरु फरार भएका छन् । आर्थिक वर्ष २०७६/०७७ को बजेटबाट राउत टोलमा निर्माण गरिएको आरसिसि ढलान सडकको बारेमा पनि विवाद रहेको बताइएपनि मृतक परिवारले भने त्यो विषयमा थाहा नभएको जनाएको छ । मृतकका छरछिमेक र आफन्तले सडक निर्माणको बचत रकमको कुरा नगरेपनि उपभोक्ता समितिका अध्यक्ष बुधेश्वर राउत, कोषाध्यक्ष पूजादेवी राउत र समितिका अन्य सदस्यहरु बीच विवाद चल्दै आएको बताइएको छ । पूजादेवी मृतककी जेठाजुपट्टिकी छोरा बुहारी हुन् । सीतादेवीको आफन्त पर्ने एक जनाले यादव समुदायका केटासँग प्रेम विवाह गरेका थिए । त्यसपछि उनलाई गाउँलेले जातबाट निकाला गरेको जनाएको थियो । त्यो विवादकै बीचमा फेरी सीताकै बुहारी पर्ने गाउँमा हुने पक्की सडक ढलानको उपभोक्ता समितिको कोषाध्यक्ष बनेका थिए । त्यसमा पनि विवाद उत्पन्न भएको थियो । दुवै विवादले मंगलबार कुटपिट सम्म पुगेको थियो । उपभोक्ता समितिको अध्यक्ष बुधेश्वर राउत, कोषाध्यक्ष पुजा राउत र सचिव रामदुलार राउत थिए । काम असारमै सम्पन्न भयो । ७ लाख २९ हजार ९०३ रूपैयाँ भुक्तानी पाएको कोषाध्यक्ष पुजाले बताईन् । उनका अनुसार काम सकाएर केही रकम बचेको थियो । गिटी, बालुवा, रड, २६ बोरा सिमेन्ट र बेल्चा पनि थियो । त्यसमा अध्यक्ष, कोषाध्यक्ष र सचिव तीनै जनाले बराबर बाँडफाँड गर्नुपर्ने पुजा राउतको जिकिर थियो । तर, अध्यक्ष बुधेश्वर र सचिव रामदुलारले कोषाध्यक्षलाई बाँडफाँड दिन मानेका थिएनन् । 'आफूले विकास गर्न ब्याजमा कर्जा उठाएर १ लाख रूपैयाँ ल्याएको थियो । त्यसबाट ८५ हजार रूपैयाँ काम गर्न लगाएको थिए,' पुजाले भनिन, 'त्यो ८५ हजारबाहेक कुनै रूपैयाँ आफुलाई दिएनन् । उल्टै ठगेर चेकबुकमा हस्ताक्षर गरी उनीहरूले पैसा खाए । ब्याजको रूपैयाँ घरबाटै तिर्नुपऱ्यो ।' पैसा बाँडफाँडको ताकेदा गरेपछि आफूलाई ज्यान मार्ने धाकधम्की अध्यक्ष र सचिवले दिँदै आएको पुजाको आरोप छ । त्यही विषयमा १० दिनअघि इलाका प्रहरी कार्यालय अर्नमामा उजुरी दिन गएको उनले सुनाईन् । 'उजुरी दिँदा पनि प्रहरीले ध्यान दिएनन, आज यो घटना भयो,' उनले भनिन ।

## जसपा र नेकपा जितेकै वडाबाट कांग्रेसमा प्रवेश





**लहान ।** सिरहमा लहान र धनगढीमाई नगरपालिकाका वडाहरूमा जनता समाजवादी पार्टी र नेकपाले वडाअध्यक्ष जितेकै वडाबाट कांग्रेसमा प्रवेश गर्नेको आइरो लागेको छ । सोमबार र बुधबार गरी २ सय जनाले कांग्रेसमा प्रवेश गरेका छन् । बुधबार धनगढीमाई नगरपालिकामा नेकपा र अरू पार्टी गरी ४९ जना नेपाली कांग्रेसमा प्रवेश गरेको छ । उनीहरूलाई जिल्ला सभापति रामचन्द्र यादवले अबिर र माला लगाएर स्वागत गरेका छन् । सोमबार लहान नगरपालिका २२ मा पनि डेढ सय भन्दा युवाहरूले नेपाल विद्यार्थी संघमा प्रवेश गरेका थिए, भने वडा समिति पनि गठन गरेका थिए । उनीहरूलाई जिल्ला सभापति यादवले स्वागत गरेका थिए । कांग्रेसमा प्रवेश गर्नेहरूले अहिलेको सरकार भ्रष्टाचारमा लिप्त र जनमुखि नभएको गुनासो गरेका छन् ।


### कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।**

सखुवानन्कारकट्टि गाउँपालिका कार्यालय, सिरहा

छोराछोरीलाई समान शिक्षा दिऊ । जनहितमा जारी लहानपोस्ट्


लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले–आउट : महेन्द्र चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)